nystateofhealth
The Official Health Plan Marketplace

तथ्य पाना



यसमा तीव्र तथ्यहरू

# कोरोना भाइरस आकस्मिक अवस्थाको अवधिमा NY State of Health को बीमा परिवर्तनहरू

## कभरेज बिना नजानुहोस्।

**NY State of Health**
न्यूयोर्कको आधिकारिक स्वास्थ्य योजना मार्केटप्लेस हो।

हामी मद्दत गर्नको लागि यहाँ छौं।

अहिले आवेदन दिनुहोस्।

nystateofhealth.ny.gov मा अनलाइन

1-855-355-5777 मा फोनबाट
TTY: 1-800-662-1220

info.nystateofhealth.ny.gov/findassistor मा नामांकन सहायताकर्तासँग जडान हुनुहोस्

NY State of Health ले प्रचलित संघीय नागरिक अधिकारका कानून र राज्य कानूनहरूको अनुपालना गर्छ र जाति, रङ, राष्ट्रिय मूल, धर्म, लिङ्ग, उमेर, वैवाहिक/पारिवारिक स्थिति, गिरफ्तारका रेकर्ड, अपराधी दोषी ठहर(हरू), लैङ्गिक पहिचान, यौन झुकाव, प्रिडिस्पोजिङ वंशाणुगत गुणहरू, सैन्य स्थिति, घरेलु हिंसाको पीडितका स्थितिहरू र/वा प्रतिशोधका आधारमा भेदभाव गर्दैन।

## स्वास्थ्य बीमा गर्नु महत्त्वपूर्ण हुन्छ। अहिले पहिले भन्दा धेरै।

NY State of Health ले कभरेज नभएका वा रोजगारदातामा आधारित कभरेज गुमाएका न्यूयोर्कवासीहरूलाई मद्दत गर्न धेरै कदमहरू चालेको छ।

### बारम्बार सोधिने प्रश्नहरू:

### आम्दानीका परिवर्तन र रोजगारदाता कभरेजको नोक्सान:

**यदि मैले मेरो रोजगारदाता स्वास्थ्य बीमा कभरेज गुमाए वा मैले मेरो रोजगारदाताद्वारा प्रस्तावित COBRA बहन गर्न सक्दिन भने मैले के गर्नुपर्छ?**

- तपाईं NY State of Health मार्फत स्वास्थ्य बीमा कभरेजको भुक्तान गर्नमा मद्दत पाउनको लागि योग्य हुन सक्नुहुन्छ वा तपाईं नि:शुल्क कभरेजको लागि योग्य हुन सक्नुहुन्छ।
- आवेदन दिन नपर्खनुहोस्। तपाईं यो वर्ष कभरेजमा नामांकन गर्न सक्षम हुनुहुन्छ भनी सुनिश्चित गर्न तपाईंले आफ्नो कभरेज गुमाएको 60 दिनभित्र आवेदन दिनुपर्छ।

**मेरो आम्दानी परिवर्तन भएको छ र म NY State of Health मार्फत कभरेजमा पहिले नै नामांकन भएको छु भने मैले के गर्नुपर्छ? के मैले मेरो कभरेजमा भुक्तान गर्नमा थप मद्दत प्राप्त गर्न सक्छु?**

- तपाईं आफ्नो कभरेजको भुक्तानीमा मद्दत पाउनको लागि योग्य हुन सक्नुहुन्छ। परिवर्तनको 60 दिनभित्र आफ्नो नयाँ आम्दानीमा आफ्नो खाता अद्यावधिक गर्नुहोस्। तपाईं थप वित्तीय मद्दतको लागि योग्य हुन सक्नुहुन्छ जुन तपाईंको कभरेजको लागतभन्दा कम हुन सक्छ।

nystateofhealth™
The Official Health Plan Marketplace

यसमा तीव्र तथ्यहरू

# कोरोना भाइरस आकस्मिक अवस्थाको अवधिमा NY State of Health को बीमा परिवर्तनहरू

## Coronavirus Aid, Relief and Economic Security (CARES) Act. के हो?

कोरोना भाइरस सहायता, राहत र आर्थिक सुरक्षा (CARES) ऐन कांग्रेसद्वारा पारित गरिएको थियो र मार्च 27, 2020 मा राष्ट्रपति ट्रम्पद्वारा कानूनमा हस्ताक्षर गरिएको थियो।
यो $2.2 ट्रिलियन आर्थिक अनुदान प्याकेज सार्वजनिक स्वास्थ्य तथा COVID-19 को आर्थिक प्रभावहरूबाट अमेरिकी मानिसहरूलाई सुरक्षित गर्न पारित गरिएको थियो।
CARES Act ऐनले अमेरिकी कामदार, परिवार र साना व्यवसायहरूलाई आर्थिक सहायता उपलब्ध गराउँछ र अमेरिकी उद्योगहरूमा कामहरू संरक्षण गर्ने लक्ष्य राख्छ।

## COVID अन्तर्गत नयाँ संघीय आम्दानी भुक्तानीहरू/बेरोजगार क्षतिपूर्तिः

**मैले संघीय CARES Act (सामान्यतया स्टिमुलस भुक्तानी भनिनेछ) बाट भुक्तानी प्राप्त गरेको छु। के यो रकमलाई मेरो NY State of Health आवेदनको आम्दानीको रूपमा गणना गरिन्छ?**

- होइन। यो स्टिमुलस भुक्तानी कुनै पनि NY State of Health को आम्दानीको रूपमा गणना गरिँदैन। योग्य उपभोक्ताहरू U.S. Department of the Treasury गबाट एकमुष्ट भुक्तानी प्राप्त गर्नुहुनेछ। यी भुक्तानीहरू नयाँ संघीय कानून अन्तर्गत वितरण गरिन्छ जसलाई CARES Act पनि भनिन्छ, COVID-19 महामारीको प्रतिक्रियामा पूरा गरियो। योग्य उपभोक्ताहरूले प्रति वयस्क $1,200 र प्रति बच्चा $500 को एकमुष्ट भुक्तानी प्राप्त गर्नुहुनेछ।

**मैले मेरो नियमित लाभहरूको साथै राज्यबाट महामारी बेरोजगारी क्षतिपूर्ति (Pandemic Unemployment compensation) प्राप्त गरिरहेको छु। मैले NY State of Health मार्फत बीमाको लागि आवेदन दिँदा के मैले यसलाई आम्दानीको रूपमा रिपोर्ट गर्ने?**

- यो तपाईंमा भर पर्छ। महामारी बेरोजगारी क्षतिपूर्ति कार्यक्रमका भुक्तानीहरू (प्रति हप्ता $600) केही NY State of Health को नामांकित व्यक्तिहरूको आम्दानीको रूपमा गणना गरिन्छ तर अन्यको लागि होइन।
- यदि निम्न भएमा आफ्नो महामारी बेरोजगारी क्षतिपूर्ती (Pandemic Unemployment compensation) रिपोर्ट गर्नुहोस्:
    - तपाईंसँग आफ्नो घरमा बालबालिकाहरू* छैनन् र
    - तपाईंको वार्षिक आम्दानी एकल व्यक्तिको लागि $25,520 र जोडीको लागि $34,480 भन्दा धेरै हुन्छ
- यदि निम्न भएमा आफ्नो महामारी बेरोजगारी क्षतिपूर्ती (Pandemic Unemployment compensation) रिपोर्ट नगर्नुहोस्:
    - तपाईंको बालबालिका छ।*
    - तपाईंको अपेक्षित वार्षिक आम्दानी एकल व्यक्तिको लागि $25,520 र जोडीको लागि $34,480 भन्दा थोरै हुन्छ।
- तपाईंलाई आम्दानीको रूपमा महामारी बेरोजगारी क्षतिपूर्ति थप्न आफ्नो आवेदन अद्यावधिक गर्न आवश्यक हुन्छ भने, NY State of Health को सहयोगी र ग्राहक सेवाहरू तपाईंलाई आवेदन भर्न मद्दत गर्नको लागि उपलब्ध छन्।

*"बालबालिका " भन्नाले 19 वर्ष उमेर मुनिको बच्चा हो वा यदि पूर्णकालीन विद्यार्थी हो भने 19 र 20 वर्ष उमेरको।

यसमा तीव्र तथ्यहरू

# कोरोना भाइरस आकस्मिक अवस्थाको अवधिमा NY State of Health को बीमा परिवर्तनहरू

## ग्रेस अवधि र कभरेजको लागि भुक्तानीः

**मैले Essential Plan (EP) मा नामांकन गर्दैछु र मासिक प्रिमियम $20 छ। मेरो कभरेज सुरु गर्नको लागि 10 दिनभित्र मेरो पहिलो प्रिमियम भुक्तानी गर्न आवश्यक हुन्छ?**

- कोरोना भाइरसको आकस्मिक समयावधिमा, स्वास्थ्य योजनाहरूले तपाईंलाई पहिलो $20 भुक्तानी गर्ने लामो समय दिनुहुनेछ। तपाईंले नामांकन गर्नुभएको स्वास्थ्य योजनामा कुराकानी गर्नुहोस्।

**म Qualified Health Plan (QHP) मा नामांकन गर्दैछु। मेरो कभरेजको सुरु मितिको दश दिनभित्र मेरो पहिलो प्रिमियम भुक्तानी गर्न मलाई आवश्यक हुन्छ?**

- हुन्छ। पूर्ण प्रिमियम भुक्तानी गर्ने वा उन्नत प्रिमियम कर क्रेडिट (APTC) गर्ने सहितका सबै QHP नामांकित व्यक्तिहरू उनीहरूको कभरेज सुरु गर्नको लागि आफ्ना पहिचान प्रिमियम भुक्तानी गर्न आवश्यक हुन्छ। केही योजनाहरू 10-दिने अवधिमा विस्तार गर्न सकिन्छ। तपाईंले नामांकन हुनुभएको स्वास्थ्य योजनामा कुराकानी गर्नुपर्छ।

**म पहिले नै Qualified Health Plan मा नामांकित छु र APTC हरूमा कभरेजको लागि भुक्तानी गर्नमा मद्दत प्राप्त गर्दैछु। मैले मेरो मासिक प्रिमियम कति समयसम्म भुक्तानी गर्नुपर्छ?**

- कोरोना भाइरसको आकस्मिक समयावधिमा, तपाईंले आफ्नो मासिक कभरेजका लागि भुक्तानी गर्ने समय अवधिलाई "ग्रेस अवधि" भनिन्छ, यो 90 देखि 120 दिनसम्म विस्तार गरिएको छ। तपाईंसँग विस्तारित ग्रेस अवधिसम्म योग्य ठहरिन वित्तीय कठिनाइ छ भनी देखाउन आवश्यक छैन। तपाईंले स्वास्थ्य योजनाबाट प्राप्त गर्नुभएको बीजकले आफ्नो भुक्तानी गर्ने बाँकी मिति देखाउनेछ।
- तपाईंले यो 120 दिनको ग्रेस अवधिमा आफ्नो प्रिमियम भुक्तानी गर्नुहुन्न भने, तपाईंको स्वास्थ्य योजनाले ग्रेस अवधिको 60 दिनमा तपाईंको कभरेज समाप्त गर्न सक्छ र त्यस मितिपछि तपाईंले प्रयोग गर्नुभएको कुनै पनि सेवाहरूको लागि तपाईंसँग कभरेज हुनेछैन र तपाईंसँग SEP ट्रिगर गर्ने योग्य जीवन घटनाहरू नहुँदासम्म यस वर्षको बाँकी अवधिसम्म कभरेज प्राप्त गर्न सक्षम हुन सक्नुहुन्न।
- तपाईंलाई आफ्नो कभरेज भुक्तानीमा समस्या भइरहेको छ भने, NY State of Health मा सम्पर्क गर्नुहोस् वा तपाईंको स्वास्थ्य योजनासँग कुराकानी गर्नुहोस्। तपाईंले वहन गर्न सक्ने थप विकल्प हुन सक्छ।
- ***नोट:*** NYS Department of Financial Services कभरेजका पूर्ण प्रिमियम भुक्तानी गर्ने व्यक्तिहरूको लागि मार्गदर्शन जारी गरेको छ। यो जनसंख्याको लागि COVID-19 कठिनाइको साक्षी आवश्यक हुन्छ।